**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालको भूमि प्रेरणादायी भएको र राज्यमा औद्योगिक विकासको अपार सम्भावना रहेको बताउनु भएको छ।

- वाराणसीमा आजदेखि युवा आध्यात्मिक शिखर सम्मेलन सुरु हुँदैछ।

- इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले देशको पहिलो स्वदेशी सेमीकंडक्टर चिप यही वर्ष तयार हुने बताउनु भएको छ।

- सोमबारदेखि सुरु हुने संसदको मनसुन अधिवेशन अघि सरकारले भोलि सर्वदलीय बैठक बोलाएको छ।

- मौसम विभागले भोलिसम्म केरलामा अत्यधिक भारी वर्षाको लागि रेड अलर्ट अनि राजस्थान, मध्य प्रदेश, असम, तमिलनाडु र कर्नाटकका केही भागहरूमा ओरेन्ज अलर्ट जारी गरिएको छ।

**प्रधानमन्त्री दुर्गापुर**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालको भूमि प्रेरणादायी भएको र राज्यमा औद्योगिक विकासको अपार सम्भावना रहेको बताउनु भएको छ। पश्चिम बंगालको विरासतको बारेमा बोल्नु हुदै श्री मोदीले देशका प्रथम उद्योगमन्त्री श्यामाप्रसाद मुखर्जी पश्चिम बंगालका भएको बताउनु भयो। उहाले भाजपाको शासनकालमा बंगाल व्यापार र उत्पादनमा अग्रणी राज्य बन्न सक्ने बताउनु भयो।

BYTE

पश्चिम बंगालको दुर्गापुरमा भाजपाको परिवर्तन संकल्प सभालाई सम्बोधन गर्नु हुदै श्री मोदीले तृणमूल कांग्रेस सरकारको आलोचना गर्नु भयो। उहाले यो सरकारले राज्यको प्रगतिमा बाधा पुऱ्याइरहेको र हर घर जल र आयुष्मान भारत जस्ता केन्द्र सरकारका योजनाहरूलाई बेवास्ता गरिरहेको आरोप लगाउनु भयो। श्री मोदीले सुरक्षाको चिन्ता गर्नु हुदै मुर्शिदाबादमा हालै भएको हिंसालाई उद्धृत गर्नु हुदै उद्योगपतिहरू अस्थिरताका कारण लगानी गर्न अनिच्छुक रहेको आरोप लगाउनु भयो। प्रधानमन्त्रीले शिक्षामा भ्रष्टाचार, महिला सुरक्षा र अवैध घुसपैठमाथि चिन्ता व्यक्त गर्नु भयो र तृणमूल कांग्रेसमाथि भोट बैंक राजनीतिको आरोप लगाउनु भयो। उहाले केन्द्रीय योजनाहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने र घुसपैठको समस्यालाई सम्बोधन गर्ने भाजपाको प्रतिबद्धता दोहोऱ्याउनु भयो। प्रधानमन्त्रीले केन्द्र सरकारले बंगालीलाई शास्त्रीय भाषाको रूपमा मान्यता दिएको कुरा पनि दोहोर्याउनु भयो।

**युवा आध्यात्मिक शिखर सम्मेलन**

वाराणसीमा आजदेखि युवा आध्यात्मिक शिखर सम्मेलन सुरु हुँदैछ। यसको उद्देश्य लागूपदार्थ दुरुपयोग विरुद्ध सामूहिक राष्ट्रिय प्रतिबद्धता व्यक्त गर्नु हो। यो दुई दिवसीय सम्मेलन विकसित भारतका लागि लागूपदार्थमुक्त युवाको विषयमा केन्द्रित छ। यो युवा मामिला तथा खेलकुद मन्त्रालयले आयोजना गरिरहेको छ। सम्मेलनमा केन्द्रीय मन्त्री डा. मनसुख मांडवीय, गजेन्द्र सिंह शेखावत, डा. वीरेन्द्र कुमार र अन्य प्रतिष्ठित अतिथिहरू उपस्थित हुनेछन्।

BYTE

**वैष्णव-हैदराबाद**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले देशको पहिलो स्वदेशी सेमीकंडक्टर चिप यही वर्ष तयार हुने बताउनु भएको छ । हिजो हैदराबादमा केशव स्मारक शिक्षा समितिको ८५ औं स्थापना दिवस समारोहमा बोल्नु हुदै श्री वैष्णवले भन्नु भयो,भारत विश्वको सबैभन्दा महत्त्वपूर्ण सेमीकंडक्टर उत्पादक देशहरू मध्ये एक बन्न गइरहेको छ। उहाले भन्नु भयो, सरकारले पहिले नै छ वटा सेमीकंडक्टर प्लान्टहरूलाई अनुमोदन गरिसकेको छ र तिनीहरूको निर्माण भइरहेको छ। उहाले यस वर्ष देशमा पहिलो भारत-निर्मित चिप तयार हुने बताउनु भयो । श्री वैष्णवले भन्नु भयो, भारतले कृत्रिम बुद्धिमत्ता मिसन अन्तर्गत, निःशुल्क डेटासेट र अन्य सामग्री अपलोड गरिरहेको छ। उहाले लगभग दस लाख मानिसहरूलाई कृत्रिम बुद्धिमत्ताको प्रयोगमा तालिम दिरहेको बताउनु भयो । श्री वैष्णवले भन्नु भयो, भारत २०४७ सम्ममा विश्वको शीर्ष दुई अर्थतन्त्रहरू मध्ये एक हुनेछ। केन्द्रीय मन्त्रीले विद्यार्थीहरूलाई द्रुत गतिमा परिवर्तन भइरहेको विश्वव्यापी अर्थतन्त्र र प्राविधिक परिदृश्यलाई ध्यानमा राख्दै प्रविधिको उत्तम प्रयोग गर्न आग्रह गर्नु भयो । उहाले भन्नु भयो, चाँडै विकसित देशका विद्यार्थीहरू शिक्षा लिन भारत आउनेछन्।यसैबीच कार्यक्रममा बोल्नु हुदै केन्द्रीय कोइला तथा खानी मन्त्री जी किशन रेड्डीले देशको शैक्षिक स्तरमा भएको तीव्र सुधारका कारण विदेशी विद्यार्थीहरू चाँडै भारत आउन थाल्ने बताउनु भयो ।

**मेघवाल-आरोग्यम कक्ष**

कानून तथा न्यायमन्त्री अर्जुन राम मेघवालले हिजो नयाँ दिल्लीको शास्त्री भवनमा महिला आरोग्यम कक्षको उद्घाटन गर्नु भयो। यो पहल सरकारी कार्यस्थलमा महिलाहरूको कल्याणलाई प्रवर्द्धन गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। श्री मेघवालले स्वस्थ र समावेशी भारत निर्माण गर्न महिला कर्मचारीहरूलाई स्वस्थ राख्नु आवश्यक रहेको बताउनु भयो । श्री मेघवालले महिलाहरूलाई यस आरोग्यम कक्षको पूर्ण उपयोग गर्न प्रोत्साहित गर्नु भयो । उहाले यस पहलको लागि विभागको प्रशंसा गर्नु भयो र यसलाई प्रधानमन्त्री नरेन्द्र मोदीको 'हम फिट तो इंडिया फिट' अभियानलाई साकार पार्ने दिशामा एक महत्वपूर्ण कदम रहेको बताउनु भयो । महिला आरोग्य कक्षलाई प्रयोग नगरिएको ग्यारेजबाट व्यायाम उपकरण र स्तनपान गराउने आमाहरूका लागि छुट्टै स्तनपान कक्ष सहितको जीवन्त, स्वास्थ्य-केन्द्रित ठाउँमा रूपान्तरण गरिएको छ।

**सरकार सर्वदलीय बैठक**

सोमबारदेखि सुरु हुने संसदको मनसुन अधिवेशन अघि सरकारले भोलि सर्वदलीय बैठक बोलाएको छ। बैठकमा सरकारले संसदका दुवै सदनमा सुचारु रूपमा काम गर्न सबै राजनीतिक दलहरूको सहयोग लिनेछ। मनसुन अधिवेशन २१ जुलाईदेखि २१ अगस्टसम्म चल्नेछ। यस अवधि धेरै महत्त्वपूर्ण विधेयकहरूमाथि छलफल र पारित हुने अपेक्षा गरिएको छ।

**निर्वाचन आयोग-बिहार**

निर्वाचन आयोगले बिहारमा विशेष गहन पुनिक्षण संशोधन प्रक्रिया अन्तर्गत हालसम्म ७ करोड ४८ लाखभन्दा बढी फारम सङ्कलन भइसकेको बताएको छ। यो कुल गणना फारमको ९४.६८ प्रतिशत हो। निर्वाचन आयोगले अब केवल ५.२ प्रतिशत मतदाताले भरिएका फारमहरू बुझाउन बाँकी रहेको बताएको छ। आयोगले १.६१ प्रतिशत मतदाता मृत फेला परेको बताएको छ। २.३ प्रतिशत मतदाता स्थायी रूपमा स्थानांतरित र ४.६७ प्रतिशत मतदाताहरू आफ्नो ठेगानामा फेला परेका छैनन्।

**बिड़ला- प्रतिनिधिमंडल**

दक्षिण कोरियाको संसदीय प्रतिनिधिमण्डलले हिजो नयाँ दिल्लीमा लोकसभा अध्यक्ष ओम बिड्लालाई भेट गरे । भेटघाटको क्रममा श्री बिड्लाले आतंकवाद विरुद्ध भारतको शून्य-सहिष्णुता नीतिप्रति भारतको अटल प्रतिबद्धता व्यक्त गर्नु भयो । दक्षिण कोरियाका पूर्व प्रधानमन्त्री किम बू-क्युमको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलसँगको भेटमा श्री बिड्लाले अपरेशन सिन्दूरको बारेमा जानकारी दिनु भयो I जस अन्तर्गत भारतको प्रतिक्रिया मापन गरिएको थियो, विशेष गरी आतंकवादी पूर्वाधारलाई ध्वस्त पार्ने र खतराहरूलाई बेअसर गर्ने उद्देश्यले गरिएको थियो। लोकसभा अध्यक्षले पहलगाम आतंकवादी हमलाको निन्दा गरेकोमा दक्षिण कोरियालाई धन्यवाद दिनु भयो । अहमदाबादमा हालै भएको विमान दुर्घटनापछि कोरियाको राष्ट्रिय सभाका अध्यक्षको शोक सन्देशको पनि उहाले कदर गर्नु भयो ।

**भाजपा – कांग्रेस**

भाजपाले कांग्रेस नेता राहुल गान्धीले रोबर्ट वाड्रामाथि भेदभाव गरेको आरोप लगाएकोमा आलोचना गरेको छ। प्रवर्तन निर्देशनालयले मनी लान्ड्रिङ मुद्दामा श्री वाड्राविरुद्ध आरोपपत्र दायर गरेपछि श्री गान्धीले सरकारमाथि यो आरोप लगाएका हुन्। नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्दै भाजपा प्रवक्ता तुहिन सिन्हाले भन्नु भयो, राहुल  गान्धीको टिप्पणीले उनको पार्टी अझै पनि आपतकालीन मानसिकतामा विश्वास गर्छ र न्यायिक प्रक्रियाको वास्ता गर्दैन भन्ने देखाउँछ। श्री सिन्हाले आसामका मुख्यमन्त्री हिमंत विश्व शर्माविरुद्ध हालै गरिएको टिप्पणीको लागि राहुल गान्धीको पनि आलोचना गर्नु भयो।

BYTE

**मौसम**

मौसम विभागले भोलिसम्म केरलामा अत्यधिक भारी वर्षाको लागि रेड अलर्ट जारी गरेको छ। राजस्थान, मध्य प्रदेश, असम, तमिलनाडु र कर्नाटकका केही भागहरूमा आज पनि मुसलधारे वर्षाको लागि ओरेन्ज  अलर्ट जारी गरिएको छ। आगामी २४ जुलाईसम्म हिमाचल प्रदेश, उत्तराखण्ड, उत्तर प्रदेश, जम्मू कश्मीर, पञ्जाब र हरियाणाका केही ठाउँहरूमा भारी वर्षा हुने सम्भावना छ। आगामी ७ दिनसम्म उत्तरपूर्वी भारतका धेरै ठाउँमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा जारी रहनेछ। यसैबीच, विभागले आगामी पाँच दिनसम्म राष्ट्रिय राजधानी क्षेत्र-दिल्लीमा बादल लागेको मौसम र मेघगर्जन र चट्याङसहित हल्का वर्षा हुने पूर्वानुमान गरेको छ।

**राष्ट्रपति-फिल्म**

राष्ट्रपति द्रौपदी मुर्मुले हिजो राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा ओडिया चलचित्र  'श्री जगन्नाथ नाका नबकालेबरा' हेर्नु भयो। यो भक्तिपूर्ण र ऐतिहासिक चलचित्र  भगवान जगन्नाथको पवित्र नवकलेवर वा शरीर परिवर्तन अनुष्ठानको कथामा   आधारित छ। नवकलेवरको अर्थ  भगवान जगन्नाथ, बलभद्र र सुभद्राको मूर्तिहरूको जीर्णोद्धार गर्ने प्रक्रिया हो, जुन हरेक १२ देखि १९ वर्षमा हुन्छ। यो पुरीमा मनाइने एक महत्त्वपूर्ण धार्मिक अनुष्ठान हो। चलचित्रले यस प्रक्रियाको क्रममा हुने घटना र अनुष्ठानहरूलाई चित्रण गर्दछ। चलचित्रले  भगवान जगन्नाथप्रति भक्तहरूको अटल विश्वास र भक्तिलाई पनि चित्रण गर्दछ।यस अवसरमा चलाचित्रका निर्देशक सौभाग्यलक्ष्मी जेना अनि कलाकारहरू पनि  स्क्रिनिङमा उपस्थित थिए।

****** ० ******